# सिन्धुली जिल्ला अदालतको

## सेवा प्रवाह सम्बन्धी सूचना

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस(कोभिड-१९) को महामारीको कारण यस अदालतको मिति २०७८।०१।१७ गते बार र बेन्चको बैठकबाट निर्णय गरी सेवा स्थगन भएकोमा यस अदालतको मिति २०७८।४।८ को निर्णयबाट यस अदालतबाट प्रदान गरीने सम्पूर्ण सेवाहरु मिति २०७८।०४।१५ गते देखि नियमित रुपले सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी अनुरोध छ ।

१ निषेधाज्ञा अवधिको म्याद,तारेख थाम्ने सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतको मिति २०७८।०१।१४ को पूर्ण बैठकको निर्णय एवम् बृहत पूर्ण इजलासको मिति २०७७।०२।१५ को आदेश बमोजिको सुविधामा प्रतिकुल असर नपर्ने गरी देहाय बमोजिम हुने व्यहोरा अनुरोध छ ।

क. यस अदालतमा म्याद, तारिखमा उपस्थित हुनुपर्ने सिन्धुली जिल्लाका सेवाग्राहीहरु निषेधाज्ञा समाप्त भएको मितिले बाटोको म्याद बाहेक ३०(तिस) दिन भित्र उपस्थित हुने ।

ख. जिल्ला बाहिरका सेवाग्राहीहरुका हकमा निषेधाज्ञा समाप्त भई अन्तर जिल्ला सार्वजनिक यातायातको साधन सञ्चालनमा आएको मितिले बाटोको म्याद बाहेक ३०(तिस) दिन भित्र उपस्थित हुने ।

ग. काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रने ।

घ. मिति २०७८।४।११ गते देखि २०७८।४।१४ गते सम्म यस अघि यस अदालतको मिति २०७८।३।३१ को सूचना अनुसारको सेवा प्रवाह हुने ।

२ कोभिड-१९ (कोरोना भाइरस) लाई मध्यनजर गरी कानून व्यवसायी, सेवाग्राही लगायत अदालतमा प्रवेश गर्नुहुने महानुभावहरुले स्वास्थय सुरक्षाको मापदण्ड अवलम्बन गर्नुहुन तथा सेवा लिदा तोकिएको दुरी कायम गर्नहुन अनुरोध छ ।

२०७८।४।८

श्रेस्तेदार
उप-सचिव